नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## नीति, योजना तथा अनुगमन महाशाखा

रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

प.स. २०८१/८२/२ नि.यो.अ.
च.नं. १०४३

मिति २०८१/१०/०९

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

श्री सबै स्थानीय तह (६५७)।

विषयः आधारभूत अस्पताल(५/१०/१५ शैय्या) DPR Review सम्बन्धमा ।

प्रस्तुत विषयमा "भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिनेछ" भन्ने व्यवस्था भए बमोजिम सरकारको नीति तथा कार्यक्रम अनुसार बिभिन्न स्थानीय तहहरुमा ५/१०/१५ शैय्याको आधारभूत अस्पताल भवन निर्माण/स्तरोन्नतीका लागि मन्त्रालयबाट स्वीकृत ड्रईङ/डिजाइन/स्टयाण्डर तथा लागत अनुमान भित्र ६५७ वटा स्थानीय तहहरु सूचिकृत भएकाहरुको स्थानीय तहहरुबाट Detailed Project Report (DPR) को समीक्षा (Review) का लागि स्थानीय तहहरुबाट अनुरोध भई आएको सम्बन्धमा निर्माणाधिन अवस्थामा रहेका अस्पतालहरुको पुनः संशोधन गर्नुपर्ने भएमा तथा निर्माण प्रक्रिया प्रारम्भ भैनसकेका स्थानीय तहहरुको हकमा सम्बन्धित कार्यपालिकाबाट आधारभूत अस्पतालको Detailed Project Report (DPR) को समीक्षा (Review) का लागि मन्त्रालयबाट जारी गरिएको "स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७३" तथा अन्य मानक मापदण्डहरू र राष्ट्रिय भवन आचार संहितको अधीनमा रही, पालिकाले प्राविधिकको सिफारिसका आधारमा कार्यपालिकाबाटै स्वीकृत हुन यस मन्त्रालय (सचिवस्तर) मिति २०८१/१०/०८ को निर्णयानुसार अनुरोध छ।

साथै, विस्तृत आर्किटेक्चर डिजाइन, संरचना डिजाइन (Structural Design), स्यानिटरी डिजाइन, विद्युतीय डिजाइन (Electrical Design), लागत अनुमान (यस मन्त्रालयको स्वीकृत लागत अनुमान भन्दा बढी नहुनेगरि), तथा विशिष्टिकरण (Specification) प्राविधिक समीक्षा समेत कार्यपालिकाबाटै हुन अनुरोध छ।

सुशील प्रसाद नेपाल
कम्प्यूटर अधिकृत

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
दर्ता नं.:- ३९३०
दर्ता मिति:- २०८१।८।१५

# नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८१।०८२
च. नं.:- ३६४

(वजेट तथा कार्यक्रम महाशाखा )

मितिः २०८१/०७/२९

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
(योजना तथा अनुगमन शाखा)
रामशाहपथ, काठमाडौं।

विषयः थप बजेट सम्बन्धमा ।

तहाँ मन्त्रालयको च.नं. ५८५ मिति २०८१।०७।२५ को पत्रबाट भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती भैरहेको र नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार बिभिन्न स्थानीय तहहरुमा ५/१०/१५ शैय्याको आधारभूत अस्पताल भवन निर्माण/स्तरोन्नतीका लागि यस मन्त्रालयबाट स्वीकृत ड्रईङ/डिजाइन तथा लागत अनुमान भित्र रहि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रकृया गरी विभिन्न स्थानीय तहबाट निर्माणाधिन आधारभूत अस्पतालहरुको रनिङ्ग वील वापत श्रृजित दायित्व भुक्तानी गरिदै आएकोमा स्रोत सुनिश्चितता भएका ३९६ वटा स्थानीय तहरुमा आधारभूत अस्पतालहरुको निर्माण तथा स्तरोन्नती गर्न सम्झौता बमोजिमको रकमका अतिरिक्त कुनै स्थानीय तहबाट भेरिएसन, मूल्य समायोजन, पुरस्कार लगायतका शिर्षकमा सृजित दायित्व भुक्तानीका लागि थप बजेट रु. १९ करोड ७० लाख ७३ हजार थप रकम माग भएको विषय पेश हुँदा पटक पटक श्रोत सुनिश्चितता भएको रकम भन्दा बढी रकम रकमान्तरका लागि प्रस्ताव भएकोमा श्रोत सुनिश्चतता भएको रकम वा ठेक्का संझौता भएको रकम मध्ये जुन रकम कम हुन्छ उक्त रकम मात्र रकमान्तर गरिएको साथै श्रोत सुनिश्चतता भएको रकम भन्दा बढी रकमको ठेक्का संझौता भएको हकमा बढी भए बराबरको रकम सम्वन्धित स्थानीय तहले आन्तरिक श्रोतबाट व्यहोर्ने प्रतिवद्धता सहितको पत्र प्राप्त भए पश्चात मात्र रकमान्तर गरिएकोले *हाल स्थानीय तहहरुमा निर्माणाधिन ५/१०/१५ शैया सम्मको आधारभूत अस्पताल स्थापना र स्तरोन्नति समेतका लागि भेरिएसन, मूल्य समायोजन, पुरस्कार लगायतका शिर्षकमा थप रकम निकासा गर्ने नसकिने* व्यहोरा लेखि पठाउने भनि मिति २०८१/०७/२८ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

(खेमेन्द्र मणि घिमिरे)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. [illegible]